*Final*

*नेकपा (ए.स.) को केन्द्रीय परिषद्को दोस्रो बैठकमा अध्यक्ष क. माधव कुमार नेपालको सम्बोधन मन्तव्य*

सम्मानित नेता, उपाध्यक्षहरु, महासचिव, पदाधिकारीहरु

तथा सम्पूर्ण कमरेडहरु

हार्दिक अभिवादन ।

अहिले हामी हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को केन्द्रीय परिषद्को दोस्रो बैठकमा उपस्थित भएका छौं । सर्वप्रथम म यस बैठकमा उपस्थित सम्पूर्ण कमरेडहरूलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछु । साथै, नेपालको कम्युनिष्ट आन्दोलन अघिबढाउने सन्दर्भमा शहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र पार्टीका संस्थापक नेता कमरेड पुष्पलाल, प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री कमरेड मनमोहन अधिकारी र जननेता कमरेड मदन भण्डारी लगायत सबै अग्रज नेताहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

यसबीच पार्टीको अन्तरिम विधान २०७८ संशोधन गर्नुपर्ने आवश्यकता महशुस गर्दै पार्टीको केन्द्रीय सचिवालय र केन्द्रीय कमिटीको बैठकले पार्टीको अन्तरिम विधानलाई प्रक्रियागत र विधिसम्मत ढंगले संशोधन गर्ने निर्णय गरेको छ । उक्त निर्णय पछी पार्टी विधान संशोधनका लागि प्रस्तावित मस्यौदा विधान सबै प्रदेश तथा जिल्ला पार्टी कमिटीहरुसम्म छलफलका लागि प्रस्तुत गरेका छौं । त्यसमा प्राप्त सुझावहरु समावेस गरी पार्टी विधान संशोधनका लागि केन्द्रीय परिषद्को यो बैठकमा छलफलका लागि प्रस्तुत गरेका छौं ।

प्रिय कमरेडहरु,

यस अघि २०७९ असार १३-१४ मा केन्द्रीय परिषद्को पहिलो बैठक आयोजना भएको थियो । हामीले यस बीचमा पार्टीका केन्द्रीय कमिटिका विभिन्न बैठकहरु र पहिलो केन्द्रीय परिषदको बैठकमा प्रस्तुत गरेका प्रतिवेदनहरुमा नेपाली क्रान्तिसंग सम्बन्धि हाम्रो दृष्टिकोण, मार्गदर्शक सिद्धान्त, क्रान्तिको लक्ष्य, पार्टीको अधिकतम तथा न्युनतम कार्यक्रम, राजनीतिक कार्यदिशा, नेपाली समाजको वर्तमान स्वरुप, वर्ग बनौट, वर्गीय संरचना, आधारभूत अन्तर्विरोध र प्रधान अन्तर्विरोध, प्रमुख प्रतिद्वन्दिता, क्रान्तिको वर्तमान चरण, यस चरणमा अवलम्बन गरिने पार्टीको कार्यक्रम, पार्टीको कार्यक्रमिक लक्ष्य प्राप्तिका लागि अवलम्बन गरिने रणनीति, कार्यनीति, संयुक्त मोर्चा, कार्यगत एकता लगायत पार्टीको संगठनात्मक सिद्धान्त र संगठनात्मक कार्यदिशालाई प्रष्ट पारेका छौं । अब आयोजना हुने पार्टीको दशौं राष्ट्रिय महाधिवेशनमा पार्टीको समग्र दृष्टिकोणहरु सहितका दस्तावेजहरुमाथि छलफल गरीने छ र पारित गरिने नै छ ।

यस बैठकमा हामीले पार्टीको विधानसंग सम्बन्धित विषयहरु पार्टीको संगठनात्मक संरचना, त्यसमा पदाधिकारीहरुको व्यवस्था तथा संख्या, पार्टीको सदस्यता, सदस्यता प्रदान गरिने विधि र प्रक्रिया आदि विषयहरु प्रस्तुत गरिनेछ । पार्टीको विधानसंग सम्बन्धित यिनै विषयहरुमा केन्द्रीत भएर हामी यो बैठकमा व्यापक छलफल गर्नेछौं, प्राप्त सुझावहरुलाई ग्रहण गरी पार्टी विधानलाई समृद्ध बनाउँने छौं । यसलाई पारित गरी कार्यान्वयनमा लानेछौं र पार्टीको राष्ट्रिय महाधिवेशन समक्ष अनुमोदनका लागि प्रस्तुत गर्नेछौं ।

## १. अन्तर्राष्ट्रिय परिस्थितिः

वर्तमान अवस्थामा अन्तर्राष्ट्रिय परिस्थिति तनाव, द्वन्द र मुठभेडले आक्रान्त छ । साम्राज्यवाद आफ्नो एकाधिकारवादी र वित्तीय पूँजीवादी नीतिले निम्त्याएको संकट टार्न, आफ्नो प्रभाव एवं अस्तित्व रक्षा गर्न र विश्वको शक्ति सन्तुलन आफ्नो पक्षमा राख्न विभिन्न प्रकारका शैन्य गठबन्धन निर्माण गर्न आर्थिक, सामरिक र आक्रमक रणनीति लिएर अग्रसर छ । यसबीच अमेरिकाले चीनलाई घेर्ने र यसको बढ्दै गएको प्रभाव विस्तारमा रोक लगाउने उद्देश्यका साथ हिन्द-प्रसान्त रणनीति (IPS) लाई सशक्त रुपमा अघि बढाउने प्रयत्न गर्दैछ । क्षेत्रीय स्तरमा रणनीतिक समझदारी कायम राख्न खोजिरहेको छ । यसबाट हिन्द-प्रशान्त क्षेत्रमा आफ्नो सामरिक क्षमता बृद्धि गर्ने र समाजवादी चीनलाई आर्थिक तथा सामरिक क्षेत्रमा अघिबढ्न रोक लगाउने दिशातर्फ उन्मुख छ । यसैबीचमा उसले भारत तथा फिलिपिन्ससँग अलग-अलग सैन्य सहयोगको सम्झौता गरेको छ । भारत र अमेरिकाबीच सैन्य, प्रविधि व्यापार र आप्रवासनसँग सम्बन्धित विषयहरुमा गम्भीर प्रकृतिका सम्झौता भएका छन् । यसले भारत र अमेरिकाबीचको सम्बन्ध मात्र होइन एशीया प्रशान्त क्षेत्र र सिंगो विश्व राजनीतिमा विभिन्न समस्या पैदा गर्ने संभावना छ ।

अहिले साम्राज्यवादको अर्को ध्यान NATO का सदस्य राष्ट्रको संख्या विस्तार गर्ने र यसको सामरिक क्षमता अभिबृद्धि गर्ने कुरामा पनि केन्द्रित छ । आफ्नो प्रभुत्वलाई कायम राख्न अमेरिका, बेलायत, अष्ट्रेलिया, क्यानाडा र न्युजिल्याण्डबीच साझा जासुसी गठबन्धनको प्रयत्न शुरु भएकोछ ।

यसविच युक्रेन-रुस युद्ध अझ गंभीर मोडमा आइपुगेको छ । रुसको प्रभाव क्षेत्र र क्षमता कमजोर पार्न पश्चिमा शक्तिहरु लागिपरेका छन् । कतिपय युरोपेली राष्ट्रहरु आफै पनि युक्रेन युद्धमा संलग्न हुँदै गइरहेका छन् । अत्याधुनिक क्षेप्यास्त्रलगायतका युद्ध सामग्रीहरु युक्रेन पठाएर युद्धलाई अझ लम्ब्याउने र यसलाई अझ घातक बनाउने कार्य गरिरहेका छन् । NATO सम्बधित केहि राष्ट्रहरु यस कार्यमा प्रत्यक्ष रुपमा संलग्न हुन खोजिरहँदा युद्ध अझ लम्बिने र ध्वंसात्मक हुने सम्भावना बढ्दै छ । त्यतिमात्र होइन युक्रेन रुसी मामलामा पश्चिमाहरुको नेतृत्वमा रहेको नेटोमार्फत हस्तक्षेप बढ्दै जाँदा स्थिति झनै गंभिर बन्दैगैरहेको छ । साथै विश्वशक्ति सन्तुलनमा हलचल आउने, विश्वशान्ति र आर्थिक विकासमा बाधा पुग्न जाने देखिन्छ ।

यतिवेला विश्वमा खाद्यान्नको अभाव, महंगी, विश्व व्यापारमा गिरावट, इन्धनको मुल्यमा बृद्धि, रोजगारीमा गिरावट तथा विश्वमा आर्थिक मंदीको संकट पैदा भएको छ । संकटलाई अझ गहिरो र युद्धलाई अझ भयङ्कर दुस्प्रभावी बन्न नदिन युद्धरत मुलुक र सहयोगी राष्ट्रले मानवता विरुद्धका क्रियाकलापहरुलाई रोक्नुपर्ने, युद्धविरामको बाटो हुदै शान्ति प्रक्रियामा संलग्न हुनुपर्ने र यसका लागि संयुक्त राष्ट्र संघ लगायतका निकायहरु प्रभावकारी ढंगले परिचालित हुनुपर्ने देखिन्छ ।

इजरायलको प्यालेस्टाइनी भूमि गाजा क्षेत्रमा गरेको नृशंस आक्रमणबाट विसौं हजार प्यालेस्टाईनी जनताको मृत्यु भएको छ । पचासौं हजार जनता घाईते भएका छन् । लाखौ लाख जनता घरबार विहिन भएका छन् । आठ हजार भन्दा वढि वालवालिकाहरु मारिएका छन् र दशौं हजार नागरिक वेपत्ता भएका छन् । यस्ता मानवता विरोधी क्रियाकलापहरुको हाम्रो पार्टी विरोध गर्दछ । यसका साथै दक्षिण अफ्रिका, इण्डोनेशीया लगायतले युद्ध र नरसंहारका विरुद्ध उठाई रहेका कदमहरुलाई हाम्रो पार्टी समर्थन गर्दछ । यसमा अमेरिका र युरोपियनहरुले गरेको भूमिका निन्दनीय छ । हामी

इजरायलले पेलेस्टाइन राज्यको अस्तित्वलाई स्विकार गरी दुई राष्ट्र आपसमा पारस्परिक सम्मान र सहअस्तित्वको आधारमा शान्तिपूर्ण रुपमा अघिबढ्न भन्ने चाहन्छौं ।

विज्ञान र प्रविधिमा भएको विकासले सूचना प्रविधिमा ठूलो फड्को मार्दैछ । सूचना प्रविधिद्वारा पूँजीको संकेन्द्रणको प्रयत्न जारी छ । गुगल, एमाजोन, मेटा र एप्पलजस्ता कम्पनीहरुले सूचना प्रविधिमाथि एकाधिकार कायम गरी नयाँ ढंगको साम्राज्य स्थापना गरिरहेका छन् । यसबाट रोजगारको क्षेत्रमा, राजनीतिक विचारधाराको क्षेत्रमा र लोकतन्त्रको क्षेत्रमा नयाँ नयाँ प्रभावहरु देखापर्न थालेको छ । यिनीहरुलाई साम्राज्यवादको पक्षमा र विभिन्न देशहरुमाथि निगरानी बढाउन प्रयोग गर्ने काम भएको छ ।

पूँजीवादभित्र विश्वव्यापी रुपमा चरम संकट पैदा भएको यस अवस्थामा वित्तीय तथा एकाधिकार पूँजीवाद र यसका दलालहरुले श्रमजीवी जनतामाथिको शोषण र दमन झनै चर्को बनाउँदै लगिरहेका छन् । यसको मारमा प्रत्येक मुलुकभित्रका घरेलु कामदार मात्रै होइन बहुसंख्यक आप्रवासी श्रमिकहरु पनि परेका छन् । यतिबेला बेलायतमा मात्रै पाँच लाखभन्दा बढी श्रमिकहरुले पूँजीवादले खर्च कटौतिका नाममा आफुमाथि थोपरेको संकटका विरुद्ध प्रदर्शन गरेका छन् । फ्रान्समा पनि ठुल ठुला विरोध प्रदर्शनहरु भएका छन् । यसका साथै अन्तर्राष्ट्रिय स्तरमा मुद्रा अपचलन तथा गैर बैकिङ प्रणालीमा मुद्रा कारोवार र विप्रेशण गर्ने गिरोहहरु, तस्कर, हातहतियार तथा लागु औषधी कारोवार गर्ने अपराधीहरु, मानव बेचविखन गर्ने दलालहरुले गैरकानुनी संजालहरु बनाएका छन् । हाम्रो जस्तो कमजोर अर्थतन्त्र भएको मुलुकमा यस्ता गतिविधिले आर्थिक संकट बढाउन वल पुऱ्याएका छन् ।

चीनले साम्राज्यवादी तथा पुँजीवादी शक्ति राष्ट्रको हस्तक्षेपकारी नीतिको विरोध गर्दै आफ्नै विशिष्टतामा समाजवाद निर्माणको कार्यलाई निरन्तरता दिईरहेको छ । राष्ट्रपति सी जिन पिङको नेतृत्वमा चीनले अर्थव्यवस्थालाई अझ सुदृढ बनाउने नयाँ खम्बाको रुपमा Advanced, smart र green industries को विकास गरी आफ्नो अर्थतन्त्रलाई अझ सुदृढ र जनमुखी बनाउँने प्रयन्त गरिरहेको छ । विश्व शक्ति सन्तुलनमा नयाँ गति दिने प्रयत्नमा चीनले विकासशील राष्ट्रहरुसँग बहुपक्षीय र दुई पक्षीय सहयोग अभिबृद्धि गर्न Built and Road Initiative (BRI) जस्ता अन्तर्राष्ट्रिय आर्थिक सहयोग र समझदारीको कार्यक्रमलाई अघि बढाएको छ । त्यसका साथै Asia Infrastructure Investment Bank, Global Development Initiative र Global Civilization Initiative आदि जस्ता अन्तर्राष्ट्रिय आर्थिक सहयोग र समझदारी कार्यक्रमहरु अघि बढाएको छ ।

अमेरिकी प्रभावक्षेत्र मानिएको ल्याटिन अमेरिकी मुलुकहरुमा एकपछि अर्को गर्दै समाजवादी कार्यदिशा अंगालेका वामपन्थी पार्टीहरुको नेतृत्वमा सरकार बनेका छन् । नवउदारवाद र वित्तीय पूंजीवादको शोषण र चेपुवामा परेका ल्याटिन अमेरिकी जनताले त्यहाँ वाम आन्दोलनलाई अभुतपुर्व रुपमा अगाडी वढाउँदै त्यसमाथि विश्वास र भरोसा प्रकट गरेका छन् । ल्याटिन अमेरिकामा आएको वाम तथा समाजवादी आन्दोलनको लहरले विश्वव्यापी रुपमा नयाँ उमङ्ग छाएको छ र विश्वभरिका श्रमजीवी जनतालाई आशा र उत्साह बढाएको छ ।

यसका साथै, पेरुमा साम्राज्यवादको प्रत्यक्ष संलग्नतामा 'कु' गरिएको छ र तीव्र दमनका बावजुद त्यहाँ श्रमजीवी वर्गको प्रदर्शन र विरोध जारी छ । हैटीमा गृहयुद्धको अवस्था विद्यमान छ । अर्जेन्टीमा घोर दक्षिणपंथी राष्ट्रपति निर्वाचित भएका छन् । ब्राजिलमा पनि वाम सरकार विरुद्ध

साम्राज्यवादको प्रत्यक्ष निर्देशन र सहयोगमा अवरोध खडा गर्ने प्रयास जारी छ । यससँगै जनताको तर्फबाट त्यसको प्रतिरोध र प्रतिवाद पनि जारी छ । ल्याटिन अमेरिकी मुलुक क्युवा कैयन वाधा र व्यवधानको बावजुद साम्राज्यवादसँग जुझ्दै समाजवादको बाटोमा दृढतापूर्वक अघि बढिरहेको छ । अफ्रिकी मुलुकहरुमा पनि वाम आन्दोलन र साम्राज्यवाद विरोधी आन्दोलन अघिबढिरहेको छ ।

पेट्रोलियम पदार्थको अर्थराजनीतिमा जकडिएको मध्यपूर्वी तथा अरब क्षेत्र पनि अस्थिर र अप्ठ्यारो अवस्थामा छ । यमनमा बढेको भोकमरीले आउँदो पुस्ता नै नरहने हो कि भन्ने परिस्थिति सिर्जना भएको स्वयं संयुक्त राष्ट्र संघका प्रतिवेदनहरुले बताई रहेको छ । यमन, सोमालिया, प्यालेस्टाइन लगायतका देशहरुमाथि थोपरिएका युद्धका श्रृंखलाहरु रोकिएका छैनन् । मानिसको जीवन थप कष्टकर बन्दै गएको छ । यता युरोपियन मुलुकहरुमा कम्युनिष्ट र वामपन्थी पार्टीहरुको पूँजीवादी उत्पीडन र बहुराष्ट्रिय निगमहरुको चर्को शोषण बिरुद्ध र श्रमजीवी जनताको मुक्तिका लागि विचारधारात्मक र राजनीतिक आन्दोलनहरु जारी छन् । गत बर्ष साइप्रसमा भएको संसदीय चुनाबमा श्रमजीवी जनताको प्रगतिशील पार्टीले २५ प्रतिशत मत पाएको छ । स्पेन, ग्रिस, फ्रान्स, पोर्चुगल, हंगेरी, चेक गणतन्त्र आदिमा कम्युनिष्ट र वामपन्थीले नयाँ शिराबाट आन्दोलनलाई उठाउन प्रयत्न गरिरहेका छन् । स्केण्डेनेभियन र पूर्वी युरोपियन मुलुकमा कम्युनिष्ट पार्टीहरुले लोकतान्त्रिक समाजवादीहरुसँग सहकार्य गर्न र चुनावमा तालमेल गरेर अगाडि बढ्न खोजिरहेका छन् । अमेरिका, बेलायत, फ्रान्स लगायतका युरोपेली मुलुकहरु तथा सम्पूर्ण विकसित र विकासशील राष्ट्रहरुमा श्रमजीवी जनता र मानवताको पक्षमा आन्दोलनहरु उठ्न थालेका छन् । श्रीलंका, भारत, पाकिस्तान, बंगलादेश आदिमा पनि जनसंघर्ष फैलिदै गएको छ । यसले विश्वव्यापी रुपमा वित्तीय पूंजीवादको भूमण्डलीकरण, एकाधिकार पूँजीवाद र बहुराष्ट्रिय निगमको शोषणको विरुद्ध आवाज उठ्न थालेको र वर्गसंघर्ष चर्किदै गएकोतर्फ संकेत गरिरहेको छ । मानव अधिकार, लैंगिक समानता, जातीय समानता, जलवायु परिवर्तन, आप्रवासन र आप्रवासी श्रमजीवीहरुको हक अधिकार, त्यहाँभित्रको ऐक्यबद्धता आदि विषयमा पनि जागरण पैदा भएको छ । यसका साथै यसलाई कमजोर बनाउने, तितरवितर पार्ने पूँजीवादी प्रयत्न पनि जारी नै छ । हाम्रो पार्टी यी सबै मुद्दाहरु र संघर्षहरुमा उत्पीडित समुदाय तथा श्रमजीवी जनताका मागहरु र आन्दोलनप्रति समर्थन र ऐक्यबद्धता प्रकट गर्दछ ।

## २. राष्ट्रिय राजनीतिक परिस्थितिः

मुलुकको राष्ट्रिय राजनीतिक परिस्थितिमा अझै पनि अस्थिरताका बादलहरु मडराइरहेका छन् । यस बीच आम निर्वाचन २०७९ को परिणामले निर्माण गरेको राजनीतिक शक्ति सन्तुलनमा खासै परिवर्तन भएको छैन । अहिले पनि संसदमा तिनै १२ ओटा राजनीतिक दलहरु नै कायम छन् । राजनीतिक शक्ति सन्तुलन र संसदमा रहेका दलहरुबिचको समिकरण र सरकारको स्वरुप भने केही बदलिएको छ । आम निर्वाचन २०७९ पछि नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ को नेतृत्वमा नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), रास्वपा, राप्रपा लगायतका दलहरु सम्मिलित गठबन्धनको सरकारमा थिए । उक्त गठबन्धन बदलिएको छ र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहल ‘प्रचण्ड’ कै नेतृत्वमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकिकृत समाजवादी), जसपा, लोसपा, जनमत र नाउपा सम्मिलित सात दलीय गठबन्धनको सरकार कायम छ । यस सरकारले जनपक्षीय काम गर्ने प्रयत्न गरिरहेको छ ।

मुलुकमा कोभिडको प्रकोप पछी प्रकट भएको आर्थिक संकट र मन्दी अहिलेसम्म पनि कायमै छ । यसमा केही सुधार भए पनि उठेको राजस्वले चालु खर्च धान्न धौ धौ परिरहेको छ । मूल्यबृद्धि र मुद्रास्फिति बढिरहेको छ । व्यापार घाटा चुलिंदै गएको छ । ठूलो सङ्ख्यामा युवा जनशक्ति बैदेशिक रोजगारीमा गएको छ र रेमिट्यान्सले अर्थतन्त्रलाई टेवा दिइरहेको अवस्था छ । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने भनिए पनि त्यस अनुसारको काम हुनसकेको छैन । कृषि क्षेत्रमा लगायत अन्य धेरै क्षेत्रमा परनिर्भरता कायमै छ । लाखौंको संख्यामा रहेको भूमिहिन र गरिव किसान तथा अव्यवस्थित बसोबासीहरुले वर्षौंदेखि भोगचलन गर्दै आएको जमिनमाथिको स्वामित्व प्राप्त गर्ने र उत्पादनको न्यायोचित वितरण गर्ने काम अहिलेसम्म पनि हुनसकेको छैन । विगत सात दशकदेखि उठिरहेको क्रान्तिकारी भूमिसुधारको मुद्दा अहिलेसम्म पनि कार्यान्वयनको दिशामा अघिबढ्न सकेको छैन ।

सामाजिक भेदभावको अन्त्य र सामाजिक न्यायको विषय अहिले पनि जनसरोकारको चर्को मुद्दा बनेको छ । नेपाली जनतामाथि शोषण उत्पीडनको नयाँ रुप मिटरव्याजी शोषण चरम बनेको छ । यसबीच भ्रष्टाचार, कमिशनतन्त्र र तस्करीका अनेकौं काण्डहरु उदाङ्गिएका छन् । सरकारले भ्रष्टाचारीहरुलाई कार्वाही गर्ने प्रयास गरिरहेको छ । आर्थिक क्षेत्रको सुधार र भ्रष्टाचार नियन्त्रण एवं सुशासनका निम्ति अझै प्रभावकारी कार्य गर्नुपर्ने आवश्यकता छ ।

मुलुकको वर्तमान अवस्थामा जनताको निरासा, प्रतिरोध र आक्रोशको भावनालाई उपयोग गर्दै प्रतिगमनकारी तथा पश्चगमनकारीहरुबाट विद्यमान व्यवस्था परिवर्तनको नामममा विभिन्न गतिविधिहरु संचालन गरी राजनीतिक अस्थिरता सिर्जना गर्ने र सामाजिक सद्भाव खलबलाउने कोशिस भईरहेको छ ।

यस्तो अवस्थामा वर्तमान वाम-लोकतान्त्रिक शक्तिको सरकारका साम‌ु निश्चित् दायित्वहरु छन् । खासगरी गठबन्धनका दलहरुबीच छलफल गरेर तयार पारिएका न्युनतम साझा कार्यक्रममा समावेस गरिएका विषयहरुः संविधानको रक्षा र आवश्यकतानुसार परिमार्जन एवं विकास गर्ने; सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्ने; देशको अर्थतन्त्र सुदृढ गर्न नीतिगत एवं संरचनागत सुधार गर्ने; उत्पादनमुखी अर्थतन्त्र निर्माण र आपुर्ति व्यवस्थामा सुधार गर्ने; राष्ट्रिय उत्पादनमा बृद्धि र रोजगारी सिर्जना गर्ने; गुणस्तरीय सेवा प्रवाह गर्ने, भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति दिने; विस्तृत शान्ति सम्झौताका बाँकी काम र विभिन्न पक्षहरूसँग भएका सहमतिहरूको कार्यान्वयन गर्ने; समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक, आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक आदि सबै प्रकारका विभेदहरूको अन्त्य गर्न निरन्तर प्रयास गर्ने; जलवायु परिवर्तनले उत्पन्न गरेको जोखिम न्यूनीकरण गरी पर्यावरणीय सन्तुलन कायम गर्न पहल गर्ने; राष्ट्रिय हितको रक्षा र स्वतन्त्र एवं सन्तुलित परराष्ट्र नीति अबलम्बन गर्ने आदि कार्यहरु नै वर्तमान सरकारका मुख्य दायित्वहरु हुन् । वर्तमान सरकार उपर्युक्त दायित्व पूरागर्न अझ गंभीरता र तदारुकताका साथ लाग्न आवश्यक छ ।

यतिवेला हाम्रो पार्टी मुलुकमा तिनै तहको सरकारमा एक वा अर्को ढंगले संलग्न छ । हाम्रो पार्टी सरकार संचालनको क्षेत्रबाट राष्ट्रियता, लोकतन्त्र, जनजीविका, सुशासन, मानव अधिकार र सामाजिक न्यायको पक्षमा प्रभावकारी ढङ्गले काम हुनु पर्दछ भन्ने मान्यता राख्दछ । विभिन्न स्थानीय तहमा पनि हाम्रो पार्टीका प्रतिनिधिहरु निर्वाचित भएका छन् र कतिपय स्थानमा नेतृत्व

प्रदान गर्ने अवस्थामा समेत छन् । हाम्रो पार्टी प्रतिनिधिले जहाँ स्थानीय सरकारको नेतृत्व गरिरहेका छन्, त्यहाँ राष्ट्र र जनताको हितको पक्षमा रचनात्मक ढंगले कार्य सम्पादन गरी नमुना प्रस्तुत गर्नुपर्दछ । सबै तहका हाम्रो पार्टी कमिटीहरू तथा कार्यकताहरुले सामाजिक न्याय तथा सम्बन्धित स्थानीय तहको विकास निर्माण र जनसरोकारका विषयहरुको उठान गरी संसद, सरकार र सडक तिनवटै मोर्चामा प्रभावकारी भूमिका खेल्नु पर्दछ ।

यतिवेला संघीय र सबै प्रदेशमा गठबन्धनको सरकारहरु बनेका छन् । गठबन्धनका दलहरुबीचमा आपसी समझदारीका साथ काम हुनपर्दछ भन्नेमा पार्टीले जोड दिन चाहन्छ । यतिवेला मुलुकमा राजनीतिक स्थिरता र सरकारको स्थिरताको प्रश्न पनि उठिरहेको छ । यसको मुख्य कारण सदनभित्र गणतन्त्रवादी र गणतन्त्र विरोधी, परिवर्तनकारी र प्रतिगमनकारी, अग्रगामी र पश्चगामी, संघीयता पक्षधर र संघीयता विरोधी, धर्म निरपेक्षतावादी र धर्मसापेक्षतावादी आदि विभिन्न चरित्रका राजनीतिक शक्तिहरू उपस्थित छन् । यी शक्तिहरूबीच अनेक प्रकारले द्वन्द्व चलिरहेको छ । यसरी चलिरहेको द्वन्द्वले गर्दा मुलुकमा राजनीतिक अस्थिरता पैदा गर्ने प्रयत्न एक वा अर्को ढंगले भईरहेको छ । अहिले प्रतिपक्षमा रहेका दलहरुले जस्तासुकै विषयमा पनि संसद अवरोध गर्ने गरेका छन् । सत्ताच्युत भएर प्रमुख प्रतिपक्षमा पुगेको एमाले अत्यन्त गैर जिम्मेवार ढंगले नकारात्मक भूमिका निर्वाह गरिरहेको छ र विभिन्न ढंगले सरकार संचालनमा रहेको वर्तमान गठबन्धन तोड्न उद्दत छ । पुनरुत्थानवादी, प्रतिगामी तथा पश्चगामी शक्तिहरुको कृयाकलापहरु र प्रतिपक्षका गतिविधिहरुबाट मुलुकलाई अस्थिरतातर्फ धकेल्न खोजेको आभाष पाइन्छ ।

यस्तो अवस्थामा संसद पार्टी कामको र वर्ग संघर्षको एउटा महत्वपूर्ण मोर्चा बन्न पुगेको छ । वर्तमान अवस्थामा संघीय संसदका दुबै सदन र सबै प्रदेश सभाहरूमा हाम्रो पार्टीको प्रतिनिधिहरुले संसदीय मोर्चालाई रचनात्मक ढंगले कुशलतापूर्वक राष्ट्र र जनताको हितमा आम जनतासंग एकाकार भई राम्रोसँग उपयोग गर्न र वर्ग संघर्षलाई संचालन गर्न सक्नुपर्दछ । पार्टीको आम नीति र निर्वाचन घोषणा-पत्र अनुसार राष्ट्रियता, लोकतन्त्र, शुसाशन, सामाजिक न्याय, मानव अधिकार र जनसरोकारका विषयहरूलाई सशक्त ढङ्गले अघि बढाउन निरन्तर लागिरहनु पर्दछ ।

### ३. समाजवादी जागरण अभियानः

हाम्रो पार्टीको आयोजनामा गत असोज १४ देखि २८ सम्म मेचीदेखि महाकालीसम्म ‘समाजवादी जागरण अभियान’ संचालन भयो । उक्त अभियान संचालनका लागि पार्टी अध्यक्ष कमरेड माधवकुमार नेपालको संयोजकत्वमा पार्टी केन्द्रीय कमिटी, केन्द्रीय निकाय, सबै प्रदेशका सचिवालय सदस्य र जिल्लाका पदाधिकारीहरु समेत रहेको २००१ सदस्यीय केन्द्रीय स्तरको मूल आयोजक कमिटी गठन गरिएको थियो । प्रदेश इन्चार्जको अध्यक्षतामा सम्बन्धित प्रदेश कमिटी र जिल्ला कमिटीका सदस्यहरु रहेको प्रदेश स्तरीय आयोजक कमिटी गठन गरिएको थियो । उक्त अभियानको व्यवस्थापनका लागि उपमहासचिव कमरेड विजय पौडेलको संयोजकत्वमा ५२ सदस्यीय समाजवादी जागरण अभियान, मूल व्यवस्थापन कमिटी गठन गरिएको थियो ।

त्यस अभियानको क्रममा पूर्वको काकरभित्तादेखि सुदुर पश्चिम कन्चनपुरसम्म (मेची-महाकाली) का २२ जिल्ला र सुर्खेतसमेत जम्मा २३ वटा जिल्लाहरुमा साना–ठूला गरी जम्मा ५६ वटा जनसभाहरु आयोजना गरिएको थियो । उक्त अभियान संचालन हुने जिल्लाहरुमा कृषक, श्रमिक, महिला,

सुकुम्बासी, युवा, विद्यार्थी, उद्योगी, व्यावशायी, शिक्षक, बुद्धिजीवी, महिला, विभिन्न क्षेत्रका पेशाकर्मी, राजनीतिक नेता तथा कार्यकर्ता एवं पत्रकारहरुसँग भिन्दाभिन्दै छलफलहरु आयोजना गरिएको थियो । उक्त अभियानमा पार्टीले तय गरेको 'रोजगारी, समृद्धि र सुशासन' सम्बन्धी मुद्दाहरुलाई आम जनता बीच लैजाने काम भएको छ । उक्त अभियान मार्फत पार्टीले अंगालेको समाजवादी कार्यदिशालाई जनस्तरमा लैजाने काम भएको छ । सार्वजनिक रुपमा नै समाजवादी कार्यदिशा बारे छलफल चलाउन पार्टीले पहल र नेतृत्व गरेको छ ।

पार्टीको नवौं महाधिवेशनले समाजवादी कार्यदिशा अघिसारेर नेपालको कम्युनिष्ट आन्दोलनमा एउटा ऐतिहासिक महत्वको निर्णय गरेको थियो । त्यसपछि नै जारी भएको नेपालको संविधान २०७२ मा राज्यको चरित्र समाजवादउन्मुख रहेको उल्लेख हुनुले पनि नेपालको राजनीतिक इतिहासमा कम्युनिष्ट आन्दोलनको नेतृत्वदायी भूमिका रहेको प्रमाणित गरेको छ । तर दुखको कुरा उक्त कार्यदिशासँग असहमत रहेको नेतृत्व चयन हुन पुगेकोले उक्त उपलब्धीहरुलाई अझै विकास गर्ने र समाजवादी रुपान्तरणको ठोस नीति र कार्यक्रमका साथ अघिबढाउने काम हुनसकेन । समाजवादी जागरण अभियानले नवौं महाधिवेशनबाट टुटेको उक्त कडिलाई जोड्ने काम गरेको छ । उक्त अभियानमा उठाएका विषयहरु नेपालको कम्युनिष्ट आन्दोलनको एकता र विकासका लागि आधार बन्नेछन् भन्ने अपेक्षा गरिएको छ ।

अभियानको क्रममा आयोजना गरिएका ५६ वटा जनसभाहरुमा सहभागी रहेका विभिन्न वर्ग र तहका जनसमुदाय, विभिन्न पार्टीका स्थानीय नेता तथा कार्यकर्ताहरु तथा सर्वसाधारण जनताले हामीले उठाएका विषयहरुलाई ध्यान दिएर सुनेका छन् र त्यसमा सहमति जनाएका छन् । फलस्वरुप अभियानको क्रममा करिब दश हजार नयाँ व्यक्तिहरुले पार्टी प्रवेश गरेका छन् । त्यसले पार्टीको संगठनात्मक विस्तार तथा जनआधार निर्माणका लागि उर्जा प्रदान गरेको छ ।

हाम्रो पार्टीको जीवनमा पार्टी संगठन र नेता तथा कार्यकताहरुको परिचलानको हिसाबले पनि उक्त अभियान ऐतिहासिक महत्वको अभियान बन्न पुगेको छ । हाम्रो पार्टीको एजेण्डा समाजवाद हो र हाम्रो पार्टीले समाजवादी कार्यदिशा अवलम्बन गर्ने दृढता जाहेर गरेको छ भन्ने स्पष्ट पारेको छ । यसले हाम्रो पार्टी प्रति आशा, भरोसा र विश्वास बढाएको छ । उपरोक्त विषयहरु नै 'समाजवादी जागरण अभियान'का महत्वपूर्ण उपलब्धिहरु हुन् ।

उक्त अभियानको उपलब्धीहरुका साथै त्यसमा केहि कमजोरीहरु पनि रहन गएका छन् । खासगरी अभियानको कार्यक्षेत्र, समयावधी र त्यसको महत्वको हिसाबले आवश्यक तयारीको काम कतिपय ठाउँमा उपयुक्त ढंगले हुन नसक्नु, कार्यक्रमहरुलाई अझ विविधतापूर्ण, आकर्षक र रुचिकर बनाउन र अभियानको प्रचार प्रसार र प्रभावलाई विस्तार गर्ने विषयमा आवश्यक ध्यान दिननसक्नु आदि कमजोरीहरु रहन गएका छन् ।

उक्त अभियान संचालनबाट निम्न शिक्षा तथा निष्कर्ष निकालिएको छ । एक, हरेक कार्यक्रमको प्रभावकारीता बारे योजना निर्माण गर्दा नै पर्याप्त ध्यान दिनु पर्दछ । दुई, यस प्रकारको अभियान संचालन गर्दा त्यसका संभावित परिणामको ठोस आंकलन गरी आवश्यक तयारी गर्नु पर्दछ । तीन, उक्त अभियानमा हामीले उठाएका मुद्दालाई राष्ट्रिय राजनीतिको मुख्य मुद्दाका रुपमा स्थापित गर्न आवश्यक योजना बनाउनु पर्दछ र त्यसको नेतृत्व पार्टीले गर्नु पर्दछ । चार, पार्टीको राजनीतिक

कार्यदिशा अनुसार हामीले उठाएका सामाजिक-आर्थिक रुपान्तरणको मुद्दालाई अझ विस्तृतरुपमा व्याख्या गर्दै नेपाली राजनीतिको दिशाबोध गर्ने र वामआन्दोलनको नेतृत्व गर्ने नेताका रुपमा पार्टीलाई स्थापित गर्न विशेष ध्यानदिनु पर्दछ ।

## ४. समाजवादी मोर्चा:

०६२/०६३ को जनक्रान्तिका उपलब्धिका रुपमा प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ र विकास गर्ने, मुलुकमा विद्यमान राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक समस्या र चुनौतिहरुको सामना गर्ने, पुनरुत्थानवादी, पश्चगामी, प्रतिगामी र यथास्थितिवादीहरुको विरुद्धमा समाजवादी शक्तिहरुलाई एकतावद्ध गर्ने र मुलुकको सामाजिक आर्थिक विकास, सामाजिक सुरक्षा, सुशासन र सामाजिक न्याय सहितको अग्रगामी रुपान्तरणको प्रकृयाद्वारा नेपाली विशेषताको समाजवाद निर्माण गर्ने संकल्पका साथ २०८० असार ४ गते समाजवादी मोर्चा, नेपालको गठन भएको छ । यस मोर्चामा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी ( एकिकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र नेपाल कम्युनिष्ट पार्टी समेत ४ दलहरु आवद्ध छन् । यस मोर्चाले १५ बुंदे उद्देश्य तथा नीतिगत प्रतिवद्धताहरु अघिसार्दै मोर्चाको नीतिगत निर्णय गर्न सदस्य दलहरुको अध्यक्ष सहित तोकिएका प्रतिनिधिहरु रहने गरी एक केन्द्रीय संयोजन समिति गठन गरेको छ । यसले आफ्नो अवधारणा पत्र र उद्देश्यलाई समर्थन गर्ने राजनीतिक दलहरुलाई मोर्चामा सामेल गर्ने र आवश्यकतानुसार प्रदेश र स्थानीय तहसम्म आफ्नो संगठन विस्तार गर्ने गरी मोर्चाको संगठनात्मक संरचना र कार्यविधि अघिसारेको छ ।

यस मोर्चाले अहिलेसम्म सातवटै प्रदेशमा सार्वजनिक रुपमा संयुक्त भेलाहरुको आयोजना गरी प्रदेशस्तरीय संयोजन समिति गठन गरेको छ । विभिन्न जिल्लाहरुमा पनि जिल्लास्तरिय संयोजन समितिहरु गठन गरेको छ ।

हामीले पार्टी गठनको घोषणा गरेदेखि निरन्तर अहिलेसम्म नेपालको विभाजित कम्युनिष्ट आन्दोलनलाई एकतावद्ध गर्ने मान्यता अघिसार्दै आएका छौं । पार्टी निर्माणको क्रममा अहिलेसम्म कतिपय साना घटकहरुलाई पार्टीमा एकतावद्ध गरेका पनि छौं । अहिले पनि कम्युनिष्ट क्रान्तिकारीहरु विशेषगरी समाजवादको पक्षमा तथा समाजवादी कार्यदिशा अवलम्बन गर्ने कम्युनिष्टहरुको बीचमा एकता हुनुपर्दछ भन्ने विषयमा जोड दिइरहेका पनि छौं । तर पनि तत्काल कम्युनिष्ट पार्टीहरुको बीचमा पार्टी एकता गर्ने विषयले सार्थकता पाउन सकेको छैन ।

यस्तो अवस्थामा लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ र विकास गर्ने, समाजवादको पक्षमा रहेको मुलुकको वर्तमान संविधानलाई रक्षा, विकास र समृद्ध गर्ने, पुनरुत्थानवादी, यथास्थितिवादी, पश्चगामी र प्रतिगामीहरुको सामाजिक सद्भावलाई खलवल्याउने र मुलुकलाई प्रतिगमन र पश्चगमनको दिशामा धकेल्ने षडयन्त्र र कृयाकलापहरु तथा भ्रष्टचार, कमिशनखोरी, अनियमितता र तस्करीको विरोध र भण्डाफोर गर्ने, मुलुकको सामाजिक आर्थिक विकास, सामाजिक सुरक्षा, सुशासन, सामाजिक न्यायको पक्षमा समाजवादी कार्यदिशा अवलम्बन गर्दै नेपाली विशेषताको समाजवाद निर्माण गर्ने मान्यताका साथ समाजवादी मोर्चा निर्माण गर्ने विषय रणनीतिक महत्वको संयुक्त मोर्चा निर्माणको विषय हो । यस मोर्चालाई ठिक ढंगले परिचालन गर्न सकियो भने समाजवादी कार्यदिशा अवलम्बन गर्ने र नेपाली विशेषताको समाजवाद निर्माण गर्ने कार्यमा मोर्चाका घटक दलहरुबीचमा सहकार्य गर्ने आधार तयार गर्दछ । यसले अन्ततः कम्युनिष्ट तथा

वामपंथीहरुलाई एकतावद्ध र एकिकृत गर्न ऐतिहासिक महत्वको भूमिका खेल्नेछ भन्ने अपेक्षा गरिएको छ ।

## ५. राष्ट्रिय सभाको निर्वाचनः

यही माघ ११ गते राष्ट्रिय सभाको निर्वाचन सम्पन्न भएको छ । राष्ट्रिय सभाका १९ पदमा भएको निर्वाचनमा सत्तारुढ दलको गठबन्धनले आपसी समझदारीमा भागबण्डा गरेको थियो । जसअनुसार ने. का.को १० सिट, नेकपा (माओवादी केन्द्र) को ६ सिट, नेकपा (ए.स.) को २ सिट र जसपाको १ सिट हुनेगरी भागबण्डा भएको थियो । तर कोशी प्रदेशको महिला क्लस्टरमा गठबन्धाको भोट क्रस भएर सत्ता गठबन्धनको तर्फबाट उम्मेदवार बनेकी नेकपा (माओवादी केन्द्र) की चम्पा कार्कीलाई हराउँदै नेकपा (एमाले) की रुक्मीणी कोइराला निर्वाचित भई जित हाँसिल गरिन ।

नेकपा (एमाले) ले गठबन्धनमा रहेका दलहरुसंग सहकार्य गर्ने र गठबन्धनलाई कमजोर बनाउँने नीति लिएको थियो । राष्ट्रिय सभाको उक्त निर्वाचनमा गठबन्धनसंग सहकार्यका लागि एमालेले वार्ता, छलफल र सम्बाद गरे पनि सहमति हुनसकेन । सत्ता गठबन्धनका दलहरु एकजुट भएर उभिन पुगेपछी नेकपा (एमाले) को प्रयत्न असफल भयो । त्यस्तो अवस्थामा नेकपा (एमाले) ले राप्रपासंग गठबन्धन गर्न पुगेको थियो । यस परिणामले कोशी प्रदेशमा १ सिट जितेर यो निर्वाचनमा नेकपा (एमाले) शून्य हुनबाट जोगिन पुगेको छ । राष्ट्रिय सभाको निर्वाचनको परिणामले सत्ता गठबन्धनमा उलटफेर हुने अवस्था नरहे पनि भोट क्रसिङको विषयले गठबन्धनका दलहरुभित्र मात्र होइन हरेक दलभित्र छलफलको विषय बन्न पुगेको छ ।

यस पटकको राष्ट्रिय सभाको निर्वाचनको परिणामले राष्ट्रिय सभाको राजनीतिक शक्ति सन्तुलनमा हेरफेर ल्याएको छ । यस पटक राष्ट्रिय सभामा सबैभन्दा ठुलो दल नेकपा (माओवादी केन्द्र) बन्न पुगेको छ । यस अघि सबैभन्दा ठूलो दलको रुपमा रहेको नेकपा (एमाले) पहिलो दलबाट तेस्रो दर्जामा खुम्चीन पुगेको छ । ने. कां. दोस्रो ठुलो दल बन्न पुगेको छ भने हाम्रो पार्टी नेकपा (ए. स.) चौथो र जसमा पाँचौ दलमा रहेको छ । निर्वाचनको परिणाम अनुसार अहिले राष्ट्रिय सभामा नेकपा (माओवादी केन्द्र) को १७ सिट, ने. कां. को १६ सिट, नेकपा (एमाले) को १० सिट, नेकपा ( ए.स.) को ८ सिट, जसपाको ३ सिट, लोसपाको १ सिट, जनमोर्चा १ सिट र अन्य ३ रहेको अवस्था छ ।

## ६. पार्टीको दशौं राष्ट्रिय महाधिवेशनः

पार्टी केन्द्रीय कमिटीको छैटौं बैठकले २०८० साल, माघ १४-१८ मा पार्टीको दशौं राष्ट्रिय महाधिवेशनको आयोजना गर्ने निर्णय गरेको थियो । तर यसबीच जिल्ला कमिटीहरुबाट पार्टी सदस्यता नविकरणको लगत नआईसकेको, गत मंसीर १७ गतेको भूकम्पले कर्णाली प्रदेशमा ठुलो धनजनको क्षति पुऱ्याएको, त्यसले पार्टी पंक्तिलाई प्रभावित पारेको, यही माघ ११ गते राष्ट्रिय सभाको निर्वाचन तोकिएको र पार्टीको राष्ट्रिय महाधिवेशन अघि नै पार्टीको विधान संशोधन गर्न आवश्यक भएको आदि कारणले तोकिएको मितिमा महाधिवेशनको तयारी गर्न नसकिने भएकोले पार्टीको दशौं राष्ट्रिय महाधिवेशन २०८१ साल, जेष्ठ महिनाको ३-७ गते काठमाडौंमा आयोजना गर्ने निर्णय भएको छ । उक्त महाधिवेशनमा चार वटा दस्तावेजहरुः (१) राजनीतिक प्रतिवेदन, (२)

पार्टीको कार्यक्रम, (३) संगठनात्मक प्रस्ताव र (४) पार्टी विधान प्रस्तुत गर्ने निर्णय भएको छ । यसका साथै समसामयिक सवालहरुमा प्रस्तावहरु पनि प्रस्तुत गरिनेछ । उक्त दस्तावेजहरु तयार गर्न पार्टी अध्यक्ष क. माधव कुमार नेपालको संयोजकत्वमा निम्नानुसारको २७ सदस्यीय ‘दस्तावेज मस्यौदा कमिटी’ गठन गरिएको छः

१. अध्यक्ष क. माधव कुमार नेपाल - संयोजक

२. सम्मानित नेता क. झलनाथ खनाल - सदस्य

३. उपाध्यक्ष क. डा. वेदुराम भुसाल - सदस्य

४. उपाध्यक्ष क. राजेन्द्र प्रसाद पाण्डे - सदस्य

५. उपाध्यक्ष क. प्रमेश हमाल - सदस्य

६. उपाध्यक्ष क. घनेन्द्र वस्नेत - सदस्य

७. उपाध्यक्ष क. केशव लाल श्रेष्ठ - सदस्य

८. उपाध्यक्ष क. धर्मनाथ शाह - सदस्य

९. उपाध्यक्ष क. जयन्ती राई - सदस्य

१०. महासचिव क. घनश्याम भुसाल - सदस्य

११. उपमहासचिव क. प्रकाश ज्वाला - सदस्य

१२. उपमहासचिव डा. गंगालाल तुलाधर - सदस्य

१३. उपमहासचिव डा. विजय पौडेल - सदस्य

१४. उपमहासचिव क. जगन्नाथ खतिवडा - सदस्य

१५. सचिवालय सदस्य क. रामचन्द्र झा - सदस्य

१६. सचिव क. नागेन्द्र चौधरी - सदस्य

१७. सचिव क. गरिमा शाह - सदस्य

१८. सचिव क. राजेन्द्र राई - सदस्य

१९. सचिव क. राम कुमारी झाँक्री - सदस्य

२०. सचिव क. जीवनराम श्रेष्ठ - सदस्य

२१. सचिव क. हरि पराजुली - सदस्य

२२. स्थायी क. स. क. तुल बहादुर गुरुङ - सदस्य

२३. स्थायी क. स. क. विश्वनाथ प्याकुरेल - सदस्य

२४. स्थायी क. स. क. श्री प्रसाद शाह - सदस्य

२५. स्थायी क. स. क. सावित्रा भुसाल - सदस्य

२६. पोलिटव्युरो सदस्य क. गणेश वि.क. - सदस्य

२७. पोलिटव्युरो सदस्य क. विजय गुरुङ - सदस्य

उक्त 'दस्तावेज मस्यौदा कमिटी' ले दस्तावेजहरु तयार गरेपछी पार्टी व्यापी छलफलका लागि पार्टीको केन्द्रीय कमिटी तथा त्यसका मातहतमा रहेका सबै प्रदेश कमिटी, जिल्ला कमिटी, पालिका कमिटी, गाउँ कमिटी, वडा कमिटी तथा पार्टीको प्रारम्भिक कमिटीहरुमा समेत पठाईनेछ । पार्टीको केन्द्रीय निकायहरु, केन्द्रीय विभागहरु तथा पार्टीको मातहत संचालित हुने सम्पर्क कमिटीहरु, सबै जनवर्गीय तथा पेशागत संगठनहरुमा समेत पार्टी व्यापी छलफलका लागि पठाईनेछ । यसका साथै सम्बन्धित विषयविद् तथा बुद्धिजीवीहरुको भेला आयोजना गरी छलफल गरिनेछ र रचनात्मक सुझाव तथा टिप्पणीहरु ग्रहण गरिने छ। यसरी गरिएको छलफल पछी महाधिवेशन पूर्व प्राप्त भएका रचनात्मक सुझाव तथा टिप्पणीहरुलाई उपयुक्त ढंगले सम्बोधन गरी दस्तावेजहरुलाई समृद्ध बनाईनेछ । त्यसरी तयार गरिएका दस्तावेजहरु महाधिवेशनमा छलफलका लागि प्रस्तुत गरिनेछ र महाधिवेशनबाट पारित गरि कार्यान्वयनमा लगिनेछ ।

## ७. पार्टीको 'अन्तरिम विधान २०७८' संशोधनः

हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) विद्रोहको प्रक्रियाबाट निर्वाचन आयोगमा २०७८ साल भाद्र ९ गते दर्ता गर्दा हामीले पार्टीको अन्तरिम विधान पनि दर्ता गरेका थियौं । यसबीच पार्टी निर्माण तथा परिचालन गर्ने सन्दर्भमा अघिसारिएको पार्टीको उक्त 'अन्तरिम विधान २०७८' संशोधन गर्नुपर्ने आवश्यकता महसुस भयो । त्यसका लागि पार्टीको अन्तरिम विधान २०७८ को धारा ७४ को *'विधान संशोधन प्रस्ताव'*को प्रावधानको आधारमा पार्टीको केन्द्रीय सचिवालयमा पार्टीको अन्तरिम विधान संशोधन गर्ने विषयमा व्यापक छलफल भयो । पार्टीको अन्तरिम विधानको धारा ७४ अनुसार प्रक्रियागत तथा विधिसम्मत ढंगले पार्टी विधान संशोधन गर्ने विषयमा छलफल गर्न कै लागि २०८० पौष ११-१३ गते पार्टी केन्द्रीय कमिटीको सातौं पूर्ण बैठकको आयोजना भयो ।

विधान संशोधन सम्बन्धि अन्तरिम विधान २०७८ को धारा ७४ मा उल्लेखित प्रावधान, विधि र प्रक्रिया अनुसार पार्टी केन्द्रीय कमिटीले विधान संशोधन सम्बन्धि लिखित प्रस्ताव तयार गरी राष्ट्रिय महाधिवेशन वा केन्द्रीय परिषद्को बैठकमा प्रस्तुत गर्नु पर्दछ । त्यसमा छलफल हुनुभन्दा कम्तिमा १५ दिन अगाडि नै सबै प्रदेश र स्थानीय कमिटीमा पार्टी विधान संशोधन सम्बन्धि प्रस्ताव छलफलका लागि पठाउँनु पर्ने भएकोले यो काम पनि यसबीचमा भइसकेको छ । त्यसका साथै विधानमा संशोधन पेश गर्न चाहने कमिटी र सदस्यले आफ्नो लिखित प्रस्ताव तोकिए बमोजिम प्रस्तुत गर्ने काम पनि भइसकेको छ । पार्टी केन्द्रीय कमिटीद्वारा प्रस्तुत पार्टी विधान संशोधन प्रस्ताव तथा प्रदेश र स्थानीय कमिटीहरुबाट आएका प्रस्तावहरु समेत समावेस गरी छलफलका लागि पार्टीको केन्द्रीय परिषदको दोस्रो बैठक आयोजना भएको छ । यस बैठकमा पार्टीको अन्तरिम विधान २०७८ संशोधन सम्बन्धी प्रस्तावमाथि व्यापक छलफल गरिनेछ र यसको कार्यान्वयनका लागि आवश्यक परिमार्जन सहित पारित गरी पार्टीको राष्ट्रिय महाधिवेशन समक्ष अनुमोदनका लागि प्रस्तुत गरिनेछ ।

## ८. वर्तमान ऐतिहासिक कार्यभारहरुः

०६२/०६३ को शान्तिपूर्ण जनक्रान्तिद्वारा सामन्ती राजतन्त्रलाई अन्त्य गरेर संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएसंगै नेपाली समाजको आधारभूत चरित्रमा परिवर्तन भएको छ । नेपाली क्रान्तिले पूँजीवादी जनवादी क्रान्तिको चरण आधारभूत रुपमा पूरा गरी दोस्रो चरणमा प्रवेश गरेको छ । नेपाली समाजमा सामन्तवाद मूलभूत रुपमा विघटित भएको छ र नेपाली समाज प्रारंम्भिक पूँजीवादी समाजमा रुपान्तरित भएको छ । यस्तो अवस्थामा समाजवादका पक्षधर शक्ति र त्यसका विरोधी शक्तिहरुका बीचको अन्तर्विरोध हल गर्नका निम्ति समाजवाद विरोधी शक्तिहरुमाथि प्रहार केन्द्रित गर्दै समाजवाद निर्माणको दिशामा अघिबढ्नु नै यतिवेलाको हाम्रो ***मुख्य कार्यदिशा*** हो । हाम्रो अधिकतम लक्ष्य वैज्ञानिक समाजवाद हो । नेपाली विशेषताको समाजवाद निर्माण गर्न समाजवादको यात्रामा अगाडि बढ्नु नै नेपाली क्रान्तिको वर्तमान ***राजनीतिक कार्यदिशा*** हो ।

नेपाली समाजको वर्तमान चरणमा सामन्तवादका अवशेषहरुलाई समुल नष्ट गर्ने, उत्पादक शक्ति श्रमजीवी मजदुर किसानलाई संगठित र सुदृढ बनाउँने, उत्पादनका साधनहरुमाथि उत्पादक शक्तिको स्वामित्व स्थापित गर्ने, चरणवद्ध ढंगले सामाजिक आर्थिक रुपान्तरणको प्रक्रियाद्वारा सिंगो मुलुक र आम नेपाली जनता विशेष गरी श्रमजीवी मजदुर किसानवर्गलाई समृद्ध बनाउँने र दलाल नोकरशाही पूँजीवादी शोषण, दमन, उत्पीडन र हस्तक्षेप तथा सबै खाले विभेदहरु अन्त्य गरी स्वाधीन राष्ट्रिय अर्थतन्त्रको निर्माण तथा नेपाली विशेषताको समाजवाद स्थापना गर्नु नै हाम्रो ***ऐतिहासिक कार्यभारहरु*** हुन् । यीनै ऐतिहासिक कार्यभारहरुका साथ नेपाली क्रान्ति समाजवाद निर्माणको चरणमा प्रवेश गरेको छ ।

## ९. पार्टीको तात्कालिक कार्यभारहरुः

नेपाली क्रान्तिको वर्तमान विशिष्ट अवस्थामा पार्टीले तात्कालिक राजनीतिक कार्यदिशा अनुरुप तात्कालिक कार्यभारहरु निश्चित गर्नुपर्दछ । यतिवेलाका तात्कालिक कार्यभारहरु मुख्यतः वैचारिक, राजनीतिक, सांगठानिक, सामाजिक तथा आर्थिक क्षेत्रमा गरिने हाम्रा कामहरु नै हुन् । अहिले मुलुकको कम्युनिष्ट आन्दोलन फुट र विभाजनको अवस्थामा रहेको छ । अघिल्लो आम निर्वाचन २०७४ मा कम्युनिष्टहरु एकतावद्ध हुँदा शान्तिपूर्ण ढंगले निर्वाचनको प्रक्रियाबाट झण्डै दुई तिहाई बहुमत प्राप्त गरी ऐतिहासिक रुपमा अत्यधिक बहुमतको कम्युनिष्ट पार्टीको सरकार गठन भएको थियो । तर सो अवसरलाई तत्कालिन नेतृत्वबाट ठिक ढंगले सदुपयोग गर्न नसकेको र गलत कदम चाली लोकतान्त्रिक प्रणाली र कम्युनिष्ट आन्दोलनलाई गंभीर संकटमा पुऱ्याएको कारणले गर्दा हामीले नचिताएको अवस्थामा देशको राजनीति र कम्युनिष्ट आन्दोलन पुगेको यथार्थ हामी सबैलाई अवगत नै छ ।

आम निर्वाचन २०७९ को परिणाम पछि अहिले सबै कम्युनिष्टहरु मिल्दा पनि बहुमत प्राप्त हुन नसक्ने स्थिति पैदा भएको छ । कम्युनिष्ट आन्दोलन ओरालो लागेको छ र संविधान र गणतन्त्र माथि नयाँ चुनौति थपिएको छ । त्यसैले आजको हाम्रो एउटा महत्वपूर्ण कार्यभार नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा र विकास गर्नु पनि हो । यसका लागि नेपाली कम्युनिष्ट आन्दोलनमा देखापरेको दक्षिणपंथी विसर्जनवादी तथा उग्रवामपंथी जडशुत्रवादी विचार र प्रवृत्तिहरुको विरुद्ध विचारधारात्मक संघर्ष संचालन गर्नु र कम्युनिष्ट तथा वामपंथी शक्तिहरु राष्ट्र र जनताको हितको पक्षमा तथा समाजवादको पक्षमा मिलेर काम गर्नु नै हो । त्यसैले यतिवेला दार्शनिक, सैद्धान्तिक र

वैचारिक क्षेत्रमा अध्ययन तथा प्रशिक्षण संचालन गर्न जोड दिनुपर्दछ । त्यसका लागि द्वन्दात्मक ऐतिहासिक भौतिकवादी दर्शन, मार्क्सवादी लेनिनवादी सिद्धान्त र पार्टीका दस्तावेजहरुमा आधारित अध्ययन सामाग्रीहरु तयार गर्ने, नियमित रुपमा पार्टी स्कूल तथा प्रशिक्षण कार्यक्रम संचालन गरी सिंगो पार्टीको वैचारिक चेतना उन्नत पार्ने, ओली नेतृत्व गुटले गरेका गलत काम, लिएका दक्षिणपंथी नीति तथा फैलाई रहेको गलत विचार र प्रवृत्तिहरु तथा भ्रमहरुलाई चिर्नका लागि वैचारिक क्षेत्रका अभियान संचालन गर्ने विषयहरु यतिवेला एक महत्वपूर्ण ***वैचारिक कार्यभार*** बनेको छ ।

नेपाली जनताले सात दशकभन्दा लामो त्याग, वलिदान र समर्पणका कष्टसाध्य संघर्षद्वारा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रलाई रक्षा र विकास गर्नु र यसलाई नेपाली विशेषताको समाजवाद निर्माणको दिशामा अघिबढाउनु हाम्रो मूख्य ***राजनीतिक कार्यभार*** हो । यसका लागि नेपाली जनताले आफ्ना प्रतिनिधिहरु मार्फत वर्तमान संविधानको रक्षा, विकास र कार्यान्वयन गर्नुपर्दछ । मुलुकमा व्याप्त भ्रष्टाचार, तस्करी, अनियमितता, राष्ट्र र जनताको हित विपरितका कृयाकलापहरु, नातावाद, कृपावाद तथा राजनीतिक पदहरु कै खरिद विक्रि आदि जस्ता विकृति र विसंगतिका कारण आम रुपमा राजनीति र राजनीतिक नेताहरु प्रति घृणा, वितृष्णा र विकर्षण फैलिदै गएको छ । त्यसैले यतिवेला भ्रष्टाचार, तस्करी, कुशासन, अनियमितता, दलाली, कमिशनतन्त्र, नातावाद, कृपावाद आदि जस्ता विकृति र विसंगतिहरुका विरुद्धमा राजनीतिक जागरण अभियान संचालन गर्नुपर्दछ । यसमा व्यापक रुपमा सचेत नागरिक समाज, सचेत युवापंक्ति तथा आम नागरिकलाई राजनीतिक जागरण अभियानमा परिचालन गर्नुपर्दछ । पार्टीको सबै नेतृत्वदायी तहहरुमा युवा पंक्तिलाई भर्तिगरी विभिन्न तहको जिम्मेवारी प्रदान गरी योजनावद्ध ढंगले युवा नेतृत्व विकास गर्ने काम गर्नुपर्दछ ।

मुलुकको वर्तमान विशिष्ट अवस्थामा वाम-लोकतान्त्रिक गठबन्धन कायम गरी मुलुकको राजनीतिलाई स्थिरता दिने र राष्ट्र र जनताको हितमा अघिबढाउने कोशिस भईरहेको छ । यस गठबन्धनलाई वर्तमान प्रतिनिधिसभाको पूर्ण कार्यकालसम्म कायम राख्न सहमती र सहकार्यको आधारमा संघीय, प्रदेश र स्थानीय तिनै तहको सरकार संचालन गरी राष्ट्र र जनताको हित तथा समाजवादका आधारहरु खडा गर्ने दिशामा अघिबढ्नु पर्दछ । यसका साथै वामपंथी शक्तिहरुबीच सहकार्यको भावना विकास गर्ने, वामपंथी शक्तिलाई एकतावद्ध बनाउँने र विभिन्न ढंगले मोर्चा निर्माण गरी पार्टी एकताका आधारहरु तयार गर्ने अर्को महत्वपूर्ण राजनीतिक कार्यभारलाई पनि अगाडि बढाउनु पर्दछ ।

मुलुकको राष्ट्रिय राजनीतिमा निर्दलीय तथा निरंकुशतन्त्रको अन्त्यपछी बहुदलीय राजनीतिक प्रणालीको अभ्यास भएको ३ दशक नाघिसकेको छ । राजनीतिक क्षेत्रमा भएको परिवर्तन अनुसार मुलुकको सामाजिक-आर्थिक क्षेत्रमा, आम जनता खासगरी श्रमजीवी जनताको दैनिक जनजीवनमा खासै परिवर्तन र सुधार नआउँदा 'व्यवस्था वदलिए पनि अवस्थामा परिवर्तन आएन' भन्ने प्रतिक्रिया आम जनताबाट व्यक्त भइरहेको छ । त्यसकारण योजनावद्ध ढंगले चरणवद्ध रुपमा सामाजिक-आर्थिक रुपान्तरणको प्रक्रियाद्वारा राष्ट्र र जनताको समृद्धिका लागि अघिबढ्नु पर्दछ । यसका लागि पार्टीले पहल कदमी र नेतृत्व गर्न सक्नुपर्दछ । यतिवेला मुलुकमा रोजगारीको अवसर नपाउँदा रोजगारीको खोजीमा ठुलो संख्यामा मुलुकका विज्ञ तथा युवापंक्ति विदेश पलायन भइरहेको छ । यस्तो अवस्थामा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगधन्दाहरुको स्थापना गर्ने, कृषि

व्यवसायिकरण तथा बजारिकरणका लागि अभियान संचालन गर्दै पारिवारिक खेती, सामुहिक खेती र सहकारी खेतीमा आधारित गराएर नेपाली समाजलाई आवश्यक खाद्य तथा पेय वस्तु मुलुकभित्रै उत्पादन गर्न जोड दिएर अघिबढ्ने हो भने हजारौं मात्र होइन लाखौंलाई रोजगारी प्रदान गर्न सकिने छ । यसका लागि प्रवासमा रहेका नेपालीहरुको ज्ञान, सिप, अनुभव र पूँजीलाई राष्ट्रिय विकास अभियानमा परिचालन गर्नु हाम्रो वर्तमान महत्वपूर्ण कार्यभार बनेको छ ।

राष्ट्र विरोधी, जनविरोधी, लोकतन्त्र विरोधी क्रियाकलापहरु तथा भ्रष्टचार, तस्करी, अनियमितता, सामाजिक भेदभाव, जातीय विभेद, छुवाछुत, अन्धविश्वास र कुरीतिहरु, महिला हिंसा आदिका विरुद्ध जनचेतना फैलाउने काममा पार्टीले अगुवाई गर्ने र सामाजिक चेतना अभिवृद्धि गर्न विभिन्न ढंगले लाग्ने तथा जलवायु परिवर्तन, वातावरणीय प्रदुषण, सामाजिक न्याय र मानव अधिकार सम्बन्धि मुद्दाहरुमा जनताको चेतना अभिबृद्धि गर्ने अभियान संचालन गर्ने र प्राकृतिक प्रकोप तथा विपद् जोखिम न्युनिकरणमा जोड दिंदै विपद्मा परेका जनतालाई राहत सहयोग गर्ने अभियान संचालन गर्ने आदि विषयहरु सामाजिक आन्दोलन सम्बन्धि अर्को महत्वपूर्ण कार्यभार हो । यो पनि त्यतिकै जरुरी र महत्वको विषय बनेको छ ।

हामी पार्टी निर्माण र विस्तारको क्रममा छौं । निकट भविष्यमा पार्टीको १० औं राष्ट्रिय महाधिवेशनको आयोजना गर्दैछौं । महाधिवेशन पूर्व पार्टीको सदस्यता नविकरण गर्ने, नयाँ पंक्तिलाई पार्टी सदस्यता प्रदान गरी पार्टी सदस्य संख्या वृद्धि गर्ने, पार्टी केन्द्रीय कमिटीको मातहतका विभिन्न तहका पार्टी कमिटीहरु पुर्नगठन गर्ने, पार्टी कमिटी गठन गर्न बाँकी रहेका पालिका र वडाहरुमा पार्टी कमिटी गठन र विस्तार गर्ने र सम्पूर्ण पार्टी सदस्यहरु तथा पार्टी कमिटीहरुको अभिलेख दुरुस्त राख्ने कार्यलाई अगाडी बढाउनु पर्दछ । पार्टी महाधिवेशन अघि पार्टी र जनसंगठनका विभिन्न तहका अधिवेशन - महाधिवेशन सम्पन्न गर्ने काममा लाग्नु पर्दछ । हामी आगामी माघ २५ देखि चैत्र २५ सम्म ‘पार्टी विस्तार तथा सुदृढिकरण अभियान’ संचालन गर्दैछौं । त्यसका साथै पार्टीसंग आबद्ध विभिन्न जनवर्गीय संगठनहरु, पेसागत र सामुदायिक संगठनहरु, सम्पर्क मञ्च तथा प्रबासी संगठनहरु निर्माण र विस्तारको कार्य पनि अघि बढाईरहेका छौं । पार्टी निर्माण तथा परिचालन गर्दा ‘कुनै पनि पार्टी सदस्यहरु जिम्मेवारी विहिन नरहुन्’ र ‘कुनै पनि पार्टी कमिटीमा परिभाषित काम विनाको सदस्य नरहुन्’ भनी ध्यान दिन जरुरी हुन्छ । त्यसको साथै हरेक कमिटीका नेता तथा सदस्यहरुले तोकिए बमोजिमको जिम्मेवारी पूरा गरिरहेका छन् कि छैनन् भन्ने कुराको लेखाजोखा र मुल्यांकन हुनुपर्दछ । कामको मुल्यांकनको आधारमा नै सम्बन्धित सदस्यहरुको पदोन्नती र पदअवनती गर्ने, राम्रो काम गर्नेलाई पुरष्कृत गर्ने र खराब काम गर्नेलाई दण्डित गर्ने परिपाटी वसाल्ने, पार्टीका अभिलेखहरु व्यवस्थित रुपमा राख्ने, अनुगमन प्रणालीलाई स्थापित गर्ने तथा पार्टी कार्यकर्ताको मूल्यांकन गर्ने विधि र प्रक्रियालाई अवलम्बन गर्नु पर्दछ ।

पार्टी निर्माण तथा परिचालन गर्न आर्थिक पक्षको पनि त्यति कै महत्वपूर्ण भूमिका रहेको हुन्छ । हाम्रो पार्टी जनआधारित कार्यकर्ता पार्टी हो । त्यसैले पार्टी संचालनको मूख्य आधार भनेको पार्टी कार्यकर्ता तथा सदस्यहरुबाट प्राप्त हुने स्वेच्छिक लेवी, सहयोग र सदस्यता शुल्कलाई नियमित गर्नु हो । यसका लागि सिंगो पार्टी पंक्ति अनुशासित हुनुपर्दछ र पार्टीको लेवी तथा सदस्यता शुल्क तिर्ने विषयलाई पार्टीको आर्थिक नियम र अनुशासनको रुपमा लिनुपर्दछ । सबै तहका पार्टी कमिटीहरुले आर्थिक हिसाब कितावलाई दुरुस्त राख्ने, वार्षिक आय-व्ययको हिसाब राख्ने र

त्यसलाई लेखापरिक्षण गर्ने नियम बसाल्नु पर्दछ । हरेक वर्षको लेखापरिक्षण प्रतिवेदन माथिल्लो कमिटीलाई बुझाउने नियम बनाउँनु पर्दछ । ति कामहरुलाई अझ व्यवस्थित ढंगले संचालन गर्ने, पार्टीलाई व्यापक जनताबीच आधारित गराउने र 'जनआधारित कार्यकर्ता पार्टी' निर्माण गर्ने, पार्टीका हरेक कार्यक्रम र गतिविधिहरु मितव्ययी ढंगले संचालन गर्ने, पार्टीका नेता र कार्यकर्ताहरुलाई उत्पादनमा आधारित बनाउँने, हरेक नेता तथा कार्यकर्तालाई 'सादा जीवन र उच्च विचार'को कार्यशैली अपनाउन लगाउने र उक्त अभियानमा पार्टीका नेता, कार्यकता तथा सिंगो पार्टीको पंक्ति परिचालन गर्ने कार्यहरु नै यतिवेला पार्टीको सांगठानिक कार्यभारहरु हुन् ।

## १०. पार्टी प्रचार प्रसार कार्यः

हामीले अहिलेसम्म पनि अपेक्षाकृत ढंगले पार्टीको प्रचार प्रसार कार्यलाई प्रभावकारिताका साथ अघिबढाउन सकिरहेका छैनौं । त्यसलाई हामीले व्यवस्थित, संस्थागत तथा प्रभावकारी ढंगले अघिबढाउनु पर्छ । समाजवाद निर्माणका लागि समाजवादी जनमत निर्माण गर्नुपर्दछ । जनमत बनाउँने महत्वपूर्ण साधन भनेको आधुनिक प्रचार तथा संचारका माध्यम टेलिभिजन, रेडियो, पत्रपत्रिका तथा सामाजिक संजालहरुको सशक्त ढंगले परिचालन गर्नु नै हो । त्यसलाई प्रभावकारी ढंगले परिचालन नगरी हाम्रो विद्रोह र पार्टी निर्माणको पक्षमा, पार्टी र समाजवादको पक्षमा प्रचार-प्रसार प्रभावकारी बन्न सक्दैन ।

यसका साथै हामीले पार्टीको राजनीतिक मुख-पत्र नियमित रुपमा प्रकाशन गर्ने कामलाई पनि उत्तिकै ध्यान दिन जरुरी छ । पार्टीका दस्तावेजहरु, पार्टीका निर्देशनहरु तथा अन्तरपार्टी निर्देशन पार्टी कार्यकर्ताको हात हातमा पुऱ्याउन जरुरी छ । पार्टीको मुखपत्र र पार्टी प्रकाशनहरु नियमित प्रकाशन र प्रचार प्रसारले पार्टीको कार्यकर्ताका सैद्धान्तिक, राजनीतिक तथा वैचारिक धरातललाई माथि उठाउँने एक सशक्त माध्यम र औजारहरु हुन् । त्यसलाई प्रभावकारी ढंगले अघिबढाएर नै पार्टी नेतृत्व र पार्टी कार्यकर्ताको मनोभावना, आत्मवल र चेतनास्तरलाई माथि उठाउन सकिने छ । त्यसले नै आम जनतालाई पार्टीको वरिपरी गोलबन्द गर्न सकिनेछ ।

हाम्रो पार्टी नेकपा (ए.स.) को गठनले सिंगो नेपाली कम्युनिष्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलनमा सैद्धान्तिक, राजनीतिक र विचारधारात्मक संघर्षलाई तिब्र बनाएको छ । यतिवेला हामीले कम्युनिष्ट आन्दोलनलाई अघिबढाउने विषयमा, संविधान र लोकतन्त्रको रक्षा र विकासको विषयमा, राष्ट्रिय हित र सार्वभौमिकताको रक्षा र सम्बर्द्धनको विषयमा, राजनीतिक, वैचारिक र सैद्धान्तिक चुनौतिहरुलाई सामना गर्ने विषयमा र राज्य र समाज पुनर्गठन र देशको सामाजिक, आर्थिक तथा सांस्कृतिक रुपान्तरण तथा नवनिर्माणको विषयमा हामीले पहिलेभन्दा कैयन गुणा बढि सैद्धान्तिक तथा विचाराधारात्मक संघर्षलाई तिब्र बनाउनु पर्ने अवस्था छ । त्यसैले यस अवस्थामा हाम्रो पार्टी सैद्धान्तिक, वैचारिक र भौतिक सबै हिसावले तन्दुरुस्त र तम्तयार रहनुपर्छ । त्यसका लागि पार्टीले सैद्धान्तिक र विचारधारात्मक पत्र-पत्रिका प्रकाशनलाई नियमित बनाउँन जरुरी छ ।

प्रिय कमरेडहरु,

अहिले हामी मुलुकको विशिष्ठ अवस्था र पार्टी निर्माणको एक ऐतिहासिक महत्वको घडिमा केन्द्रीय परिषद्को यो दोस्रो बैठक गर्दैछौं । यसमा हामीले पार्टीको अन्तरिम विधान २०७८ लाई संशोधन गर्ने मुख्य एजेण्डा बनाएका छौं । त्यसैले अहिलेसम्म पार्टी निर्माण र परिचालनका अनुभवहरु र

यसबाट प्राप्त शिक्षाका आधारमा वर्तमान परिवर्तित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्थितिको सापेक्षतामा पार्टीका घोषित लक्ष्य र उद्देश्यहरु प्राप्तिका लागि अघिबढ्न अनुकुल हुने गरी पार्टी विधान संशोधन सम्बन्धि आएका सबै रचनात्मक सुझाव तथा टिप्पणीहरुलाई ग्रहण गर्दै परिमार्जन गर्नेछौं । यसलाई हामी व्यवहारमा उतार्ने काम समेत गर्दै पार्टीको दशौं राष्ट्रिय महाधिवेशन समक्ष अन्तिम अनुमोदनका लागि प्रस्तुत गर्नेछौं । पार्टीको विधान संशोधन गर्ने कार्य पूरा गरेपछी यसकै मार्गदर्शनमा पार्टी निर्माण र परिचालन गर्ने कामलाई गति प्रदान गर्नेछौं र नेपाली विशेषताको समाजवाद निर्माण गर्ने काममा दृढतापूर्वक त्याग र वलिदानी भावनाले अघिबढ्ने छौं ।

नेपाली कम्युनिष्ट आन्दोलनको वर्तमान अवस्थामा हामीले समाजवादी कार्यदिशा अँगालेर अगाडि बढ्ने अठोट गरेका छौं । यस क्रममा सिद्धान्त, कार्यक्रम र विचार निर्माणको ऐतिहासिक महत्वको दशौं राष्ट्रिय महाधिवेशन आयोजना गर्ने संघारमा आइपुगेका छौं । त्यसैले यस बैठकको ऐतिहासिक महत्व रहेकोछ । यस बैठकमा सहभागी सम्पूर्ण कमरेडहरुले खुला र खुलस्त भएर छलफल तथा विचार मन्थन गरौं र नेपाली विशेषताको समाजवाद निर्माणका लागि दृष्टिकोण, सिद्धान्त, कार्यक्रम र विचारको सवालहरुमा एकरुपता कायम गरी पार्टीलाई सैद्धान्तिक तथा वैचारिक जगमा एकतावद्ध गरौं । पार्टीको आगामी दशौं राष्ट्रिय महाधिवेशन भव्यताका साथ सम्पन्न गर्न जिम्मेवारी बोधका साथ अघिबढौं । क्रान्तिकारी अभिवादन सहित ।

अध्यक्ष,

माधव कुमार नेपाल

माघ १४, २०८० ।

आलोक नगर, काठमाडौं